नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति
## (मा. मन्त्रीज्यूको पदवहाली)

आज मिति २०८२।१२।१३ मा माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री बिराज भक्त श्रेष्ठज्यूले मन्त्रालयमा पदभार ग्रहण गर्नु भयो। उक्त अवसरमा मन्त्रालयका सचिव (जलस्रोत) श्री सरिता दवाडी र सचिव (ऊर्जा) श्री चिरञ्जीवी चटौत तथा जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव श्री दिनानाथ मिश्रज्यूले माननीय मन्त्रीज्यूको आगमन र अभिभाकत्व ग्रहणको अवसरमा हार्दिक स्वागत गर्दै मन्त्रालय र सचिवालयको कार्यक्षेत्र तथा मन्त्रालय र सचिवालयबाट हाल सम्पादन भइरहेका मुख्य मुख्य कार्यहरूको संक्षिप्त जानकारी प्रस्तुति गर्नु भयो।

उक्त अवसरमा पदभार पश्चात माननीय मन्त्रीज्यूले उपस्थित सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरूलाई धन्यवाद तथा आभार व्यक्त गर्दै देहाय बमोजिमको कार्यको लागि निर्देशन दिनु भयो।

(१) समय सापेक्ष कार्यक्रम तथा नीति बनाई स्वच्छ ऊर्जाको विकास गर्ने।
(२) विद्युत पँहुच नपुगेको क्षेत्रमा वैकल्पिक ऊर्जामार्फत विद्युत पँहुच पुर्‍याउने।
(३) विद्युत प्रसारण लाइनको विकास तथा विस्तारमा सुधार तथा सुदृढीकरण गर्ने।
(४) ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रका विकासका लागि आवश्यक वित्तीय व्यवस्थापन जुटाउन अर्थ मन्त्रालयसँग समन्वय गर्ने।
(५) समग्र जलस्रोत उपयोगको अडिट गर्ने ।
(६) प्राकृतिक विपद न्यूनीकरण तथा व्यवस्थापनका लागि जल तथा मौसमको पूर्वानुमानमा नयाँ प्रविधिहरूको प्रवर्द्धन गर्ने।
(७) विकसित नयाँ प्रविधिमा आधारित भूमिगत सिंचाइ प्रणालीको विकासका साथै सहरी तथा ग्रामीण क्षेत्रमा Water Recharge System को विकास तथा विस्तार गर्ने।
(८) सुशासन ऐन बमोजिम सुशासन समिति/कार्यदल गठन तथा वित्तीय सुशासन कायम गर्ने ।
(९) प्रत्येक बैठकको उपलब्धि/प्रगतिको अडिट गर्ने र हरेक हप्ता मन्त्रालयको प्रगति सार्वजनिक गर्ने।
(१०) मन्त्रालयमा आउने विभिन्न खालका उजूरीहरूको रचनात्मक तवरले व्यवस्थापन गर्ने।
(११) अन्तरमन्त्रालय समन्वयलाई थप प्रभावकारी बनाउन मन्त्रालयमा संयन्त्र गठन गर्ने।

मन्त्रालयले माननीय मन्त्रीज्यूको नेतृत्वमा ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रको समग्र विकास तथा सेवा प्रवाहमा थप प्रभावकारिता आउने विश्वास व्यक्त गरेको छ।

सन्दीप कुमार देव
सहसचिव एवं प्रवक्ता